**तपाईको भविष्य हाम्रो अभिभारा**

सूर्या लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड
रजिष्टर्ड कार्यालयः विराटनगर, मोरङ्ग
कर्पोरेट कार्यालयः चौथो तल्ला, चार्टर्ड टावर, सानो गौचरण, ज्ञानेश्वर, काठमाण्डौं
**Email: info@suryalife.com**

# नवौं बार्षिक साधारण सभा सम्बन्धी सूचना

( प्रथम पटक सूचना प्रकाशित मितिः २०७४।०५।०४ गते )

यस कम्पनीको मिति २०७४/०५/०१ गते विहिबार ( तद्नुसार १७ अगस्त २०१७) बसेको संचालक समितिको १९७ औं बैठकको निर्णयानुसार कम्पनीको नवौं बार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा निम्न लिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको उपस्थितिको लागि अनुरोध गर्दछु ।

**सभा हुने मिति, स्थान र समय :**

**मितिः** २०७४/०५/२७ गते मंगलबार ( तद्नुसार १२ सेप्टेम्बर २०१७ )

**स्थानः** उद्योग संगठन मोरङ्गको सभाकक्ष, शहिदमार्ग, तीनपैनी, विराटनगर

**समय : बिहान ११:०० वजे**

**छलफलका विषयहरु :**

**(क) साधारण प्रस्ताव अन्तर्गत :**

१. अध्यक्षज्यूको मन्तव्य तथा संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहित २०७३ आषाढ मसान्तको वासलात तथा सोहि मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा/ नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र तत्सम्वन्धी अनुसूचिहरु माथि छलफल गरी पारित गर्ने ।

३. लेखा परीक्षण समितिको सिफारिस बमोजिम आ.व. २०७३/०७४ को लागि लेखा परीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखा परीक्षक बेकर टिल्ली देव एशोसिएट्स चार्टड एकाउण्टेण्ट पुनः नियुक्ति हुन नसक्ने ।)

४. संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयर लाभासं (बोनस शेयर) जारीको लागि कर प्रयोजनार्थ ०.५२६३ प्रतिशत अर्थात रु. ३४,५३,९४७- (अक्षरेपी चौतिस लाख त्रिपन्न हजार नौ सय सरचालिस रुपैया) नगद लाभांस स्विकृत गर्ने ।

५. सर्वसाधारण शेयरधनीको तर्फबाट रिक्त रहेको कम्पनीको संचालक समितिको सदस्य पदमा मिति २०७४।०४।३१ को संचालक समितिको १९६ औं बैठकले श्री कृति टिवडेवाल (खेतान)लाई संचालक समितिको बाँकी कार्यकालको लागि संचालक समितिको सदस्य पदमा गरिएको नियुक्ति अनुमोदन गर्ने ।

(ख) **विशेष प्रस्ताव अन्तर्गत :**

१. संचालक समितिले सिफारिस गरे अनुसार आर्थिक बर्ष २०७२।७३ को मुनाफाबाट हाल कायम रहेको चुक्ता पूँजि रु. ६५,६२,५०,०००।- को १० प्रतिशतले हुने रु. ६,५६,२५,०००।- को शेयर लाभासं (बोनस शेयर) वितरण गर्ने प्रस्ताव पारित गर्ने । साथै शेयर लाभासं (बोनस शेयर) बितरण गर्दा कायम हुन आउने दशमलब पछिको भिन्न अंक (Fraction) लाई सम्बन्धीत शेयरधनीको नाममा पछि समायोजन गर्ने गरि यथावत राख्ने ।

२. शेयर लाभासं (बोनस शेयर) जारी गर्ने विशेष प्रस्ताव पारित भए पश्चात हुन आउने चुक्ता पूँजीको ४० प्रतिशत हकप्रद शेयर (Right Share) जारी गर्ने प्रस्ताव पारित गर्ने ।

३. शेयर लाभासं (बोनस शेयर) तथा हकप्रद शेयर जारी गरे पश्चात हुने शेयर संरचना बमोजिम जारी तथा चुक्ता पूँजिलाई सोही अनुरुप बृद्धि गर्ने साथै सोही बमोजिम कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा संसोधन गर्ने ।

४. "कम्पनीका शेयरधनीले आफुले खरिद गर्न पाउने हकप्रद शेयर खरिद गर्न नचाहेमा निजले आफ्नो हक बापतको शेयर खरिद अधिकार अन्य व्यक्तिलाई हक हस्तान्तरण वा विक्री गर्न सकिने छ ।" भनि कम्पनीको नियमावलीमा नियम २७ (३) थप गर्ने ।

५. कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा प्रस्ताव भए बमोजिम संसोधन एवं स्विकृतीको क्रममा नियमनकारी निकायबाट कुनै संशोधन, फेरबदल गर्न वा थपघट गर्न निर्देशन प्राप्त भएमा सोही बमोजिम गर्न संचालक समितिलाई सम्पूर्ण अख्तियारी प्रदान गर्ने ।

६. बीमकको संस्थागत सुशासन निर्देशिका, २०७३ बमोजिम बिभिन्न समिति तथा उपसमितिहरुलाई प्रदान गरिएको बैठक भत्ताको अनुमोदन गर्ने ।

७. कम्पनी (पहिलो संशोधन) ऐन, २०७४ को दफा १०५ (१) (ग) बमोजिम आ.व. २०७२।७३ मा चन्दा शीर्षक अन्तर्गत भएको खर्चको अनुमोदन गर्ने ।

**ग. विविधः**

संचालक समितिको आज्ञाले
कम्पनी सचिव

## साधारणसभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको शेयर दाखिल खारेज यही मिति २०७४/०५/०९ गते देखि मिति २०७४/०५/१५ सम्म बन्द रहने छ । शेयर दाखिल खारेज बन्द गरिएको मिति भन्दा अगावै २०७४/०५/०८ गते पुरा दिन सम्म नेपाल स्टक एक्स्चेन्ज लि.मा कारोवार भई सो को ७ दिन भित्र दाखिल खारेजको लागि शेयर रजिष्ट्रार नविल ईन्भेष्टमेण्ट बैंङ्किङ लिमिटेड नारायणचौर, नक्सालबाट प्राप्त विवरणको आधारमा शेयरधनीको रेकर्ड कायम गरिने छ ।

२. सभामा उपस्थित हुने शेयरधनी महानुभावहरुले प्रवेशपत्र वा सक्कल शेयर प्रमाणपत्र वा आधिकारीक परिचय पत्र साथमा लिई आउन अनुरोध छ ।

३. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका विहान १०.०० बजे देखि सभा सञ्चालन समय सम्मको लागि खुल्ला रहने छ ।

४. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता किताबमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पुस्तिका पठाइने छ । कुनै कारणवश उक्त पुस्तिका नपाउनु भएमा कम्पनीको कर्पोरेट कार्यालयबाट तथा नविल ईन्भेष्टमेण्ट बैंङ्किङ लिमिटेड नारायणचौर, नक्सालबाट प्राप्त गर्न सकिने छ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पुर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति (विभाजन नहुने गरी) हुने गरी प्रतिनिधि-पत्र (प्रोक्सी फाराम) भरी कम्पनीको कर्पोरेट अफिसमा सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी दर्ता गरी सक्नु पर्ने छ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति कम्पनीको शेयरधनी हुनु अनिवार्य छ ।

६. नावालक वा अशक्त वा मानसिक सन्तुलन नभएका शेयरधनीहरुको तर्फबाट कम्पनीको शेयर लगत किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले सभामा भाग लिन वा प्रतिनिधि तोक्न पाउनेछन् ।

७. एकै शेयरधनीले एक भन्दा बढी प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्नु भएको अवस्थामा पहिलो दर्ता हुने प्रोक्सी मान्य हुनेछ । त्यसपछि आउने प्रोक्सी स्वतः वदर वा अमान्य हुनेछ ।

८. संयुक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयर लगत किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतबाट प्रतिनिधि नियुक्त गरिएको एक व्यक्तिले मात्र सभामा भाग लिन र मतदान गर्न पाउनेछन् ।

९. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्बन्धित शेयरधनी स्वयम सभामा उपस्थित हुन आएमा शेयरधनीले गरिदिएको प्रतिनिधि (प्रोक्सी) स्वतः वदर हुनेछ ।

१०. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा कार्यकारी प्रमुखले दस्तखत गरी मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

११. छलफलका विषय/सूची मध्ये विविध शीर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनुपर्नेछ ।

१२. सभा स्थलमा हातहतियार सहितको प्रवेशलाई पूर्णतया निषेध गरिएको छ । सभा स्थल प्रवेश गर्दा आवश्यकता अनुरुप झोला तथा अन्य बस्तु चेक जाँच गर्न सकिने छ ।

१३. थप जानकारीको लागि कम्पनीको कर्पोरेट कार्यालयमा सर्म्पक राख्नु हुन अनुरोध गर्दछौं ।